annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३०७ पृष्ठ ८ | काठमाडौं, बुधवार २८ फागुन २०८१ | फाल्गुन शुक्लपक्ष त्रयोदशी, नेपाल संवत् ११४५ | WEDNESDAY, MARCH 12, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## अमेरिका र युक्रेनबीच वार्ता साउदीमा



**एजेन्सी** | *साउदी*

युक्रेनले अमेरिकासँगको वार्ता 'धेरै रचनात्मक' भएको दाबी गरेको छ। साउदी अरेबियाको पहलमा मंगलबारदेखि जेदाहमा सुरु भएको द्विपक्षीय वार्तामा अमेरिका र युक्रेनका अधिकारीबीच जारी वार्ता सकारात्मक बनेको दाबी गरिएको हो।


युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीका कार्यालय प्रमुख एन्ड्री यरमाकले उक्त दाबी गरेका हुन्। 'अमेरिकी टोलीसँगको बैठक धेरै रचनात्मक तरिकाले सुरु भयो। हामी न्यायपूर्ण र दिगो शान्तिको लागि काम गरिरहेका छौं,' टेलिग्राममा उनले भनेका छन्।

रुस-युक्रेनबीचको जारी युद्ध अन्त्य गर्ने उद्देश्यसाथ भइरहेको वार्तामा युक्रेनका विदेशमन्त्री एन्ड्री सैबिया, रक्षामन्त्री रुस्तम उमिरोभ, अमेरिकी विदेशमन्त्री मार्को रुबियो र राष्ट्रिय सुरक्षा सल्लाहकार माइक वाल्टज, साउदी अरबका विदेशमन्त्री फैजल बिन फरहान र राष्ट्रिय सुरक्षा सल्लाहकार मोसम बिन मोहम्मद अल अैबान सहभागी थिए।

बीबीसीसँगको कुराकानीमा मार्कोले वार्ता राम्रो हुने बताएका थिए। उनले रुस र युक्रेनबीच कसरी युद्धविराम गर्ने सकिने विषयमा वार्ता केन्द्रित रहने बताएका थिए।

यता रसियाले साउदी अरबियाको वार्ताबाट आफूहरूले धेरै अपेक्षा नगरेको बताएको छ। साउदीका लागि राजदूत रहिसकेका एन्ड्रे बाक्लानोभले अमेरिकी र युक्रेनी अधिकारीहरूबीच भइरहेको वार्ताबाट धेरै अपेक्षा गर्न नसकिने बताएका हुन्। उनले जेलेन्स्कीलाई आफूहरूले वास्तविक राष्ट्रपति नमान्ने गरेको बताए। 'जेलेन्स्कीलाई हामीले वास्तविक राष्ट्रपति मान्दैनौं। किभका अधिकांश राष्ट्रवादी भनिएका नेताहरू हाम्रो आपराधिक सूचीमा छन्। ती अपराधीसँग हामीले गम्भीरतापूर्वक कुरा गर्न सक्दैनौं,' उनले अलजजिरासँग भनेका छन्।

यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र युक्रेनका राष्ट्रपति जेलेन्स्कीबीच ह्वाइट हाउसमा भेटवार्ता भएको थियो। खनिजसम्बन्धी सम्झौता र रुससँगको युद्धबारे ठूलो सहमति हुन सक्ने त्यतिबेला आकलन गरिए पनि ट्रम्प र जेलेन्स्कीबीचको छलफल वादविवादमा टुंगिएको थियो।




# यूएईमा दूतावासको अलमलले करोडौंको ब्लडमनी अलपत्र



**मेघराज सापकोटा** | *यूएई*

वैदेशिक रोजगारीका लागि युनाइटेड अरब इमिरेट्स (यूएई) पुगेका झापा बुधबारेका ख्यामराज प्रधानको सन् २०१९ मा मृत्यु भयो। प्रधान दुबईको एक स्टिल प्रशोधन कम्पनीमा काम गर्थे। काम गर्दागर्दै कार्यस्थलमै दुर्घटना भएर उनको मृत्यु भएको थियो। प्रधानको मृत्यु भएको पाँच वर्षभन्दा बढी भयो, तर परिवारले प्राप्त गर्नुपर्ने ब्लडमनी अझैसम्म पाएको छैन। त्यसका लागि प्रधानका परिवारले दूतावासका जनसम्पर्क अधिकारी इर्फान अलामलाई इमेल, वाट्स अप र टेलिफोनमार्फत पटक-पटक सम्पर्क गर्ने प्रयास गरे। तर, अलामले जवाफ नदिने गरेको मृतक प्रधानका भाइ राजु श्रेष्ठले गुनासो गरे। ख्यामराजकी पत्नी सबिताले ब्लडमनीबापत ७५ लाख रुपैयाँ अर्थात् २ लाख दिराम पाइन्छ भनेर सुनेको वर्षौं भयो। १५ दिन/ एक महिनामा उक्त रकम आउँछ भनेर पाएको आश्वासन पनि पुरानो भइसक्यो। पति बितेपछिका कयौं रात ननिदाएकी सबितालाई नाबालाक छोराछोरीलाई पढाउन र लेखाउन केही पैसा भए पनि आउँछ र भरथेग हुन्छ भनेर थोरै आशा थियो, तर अब त्यो आशा पनि मर्दै गएको बताइन्। 'दूतावासका कर्मचारीले फोन नै उठाउँदैनन्, तपाईंहरू (पत्रकार) ले सोधीखोजी गरिदिनुस् न,' सबिताले भनिन्, 'ब्लडमनीबापतको पैसा दिन्छौं भनेर कम्पनीका मान्छे घरमै आए। हामीले हाम्रो दूतावास छ, हामीलाई दूतावासले हेर्छ भनेर उनीहरूलाई फर्कायौं। अहिलेसम्म न पैसा आयो, न त दूतावासले हामीलाई कुनै जानकारी दिन्छ', सबिताले भनिन्। ख्यामराजका भाइ राजुले दूतावासको आलटालप्रति नै आशंका व्यक्त गरे। 'दूतावासका कर्मचारीलाई घुस खुवाउँदा पो पैसा पाइन्छ कि ? पैसा नपाएर पो नगरेको हो कि ? उनले भने, सोधीखोजी गरिदिनुस् न।'

काभ्रे चौरदेउरालीका लक्षुराम तामाङको सन् २०२१ मा मृत्यु भयो। दुबई प्रहरीले लक्षुरामको शव अलपत्र परेको भन्दै दूतावासलाई जानकारी गराएपछि तत्कालीन नेपाली समाजका अध्यक्ष वेदप्रसाद अर्यालको सहयोगमा परिवारको खोजी गरी शव नेपाल पठाइएको थियो। मृतकका छोरा मिलन लामाले ब्लडमनीको लागि दूतावाससँग 'फलोअप' गरेको वर्षौं भयो। लक्षुरामकी पत्नी निर्मायालाई कसैले सुनायो कि श्रीमान्को मृत्यु भएर बिमाबापतको पैसा झन्डै ७५ लाख रुपैयाँसम्म पाइन्छ भनेर। मृत्यु भएको चार वर्षभन्दा बढी भयो, तर मृतकका परिवारले अहिलेसम्म क्षतिपूर्तिबापतको कुनै पैसा पाएका छैनन्। कहिले पैसा पाइन्छ ? पाइन्छ कि पाइन्न भनेर पनि कसैले उनीहरूलाई भनेका छैनन्।

पाल्पा पूर्वखोला गाउँपालिका-४ का भोजबहादुर सारूको १५ अक्टोबर २०२० मा यूएईमा मृत्यु भयो। ब्लडमनी आउँछ भनेर नाता प्रमाणित गरेर दूतावासलाई बुझाएको पनि चार वर्ष भयो, तर परिवारले पैसा पाउनु त के, आजभोलि दूतावासले कुनै जानकारी नदिएको भोजबहादुरका बाबु भक्तवीर सारूले बताए। 'पैसा आउँछ भनेकै दुई-तीन वर्ष बित्यो, भक्तवीरले भने, 'खै किन आएन, थाहा छैन।'

रोल्पाकी कलसरी ओलीको गुनासो पनि उस्तै छ। सन् २०२२ मा श्रीमान् रामबहादुर ओलीको यूएईमा मृत्यु भएपछि क्षतिपूर्तिबापतको ब्लडमनी आउँछ भनेर सुनेकै तीन वर्ष भयो।

» बाँकी पृष्ठ ६



कभर स्टोरी

# सोझा प्रगास यसरी फँसाइए

## एजेन्टले दुबईमा अलपत्र पारे, सुन तस्करले जेल पठाए

**मनिका झा** | *जनकपुरधाम*

– को रिपोर्ट

समाचार पृष्ठ २

# मानवताविरुद्धको अपराध, फिलिपिन्सका पूर्वराष्ट्रपति पक्राउ

**मनिला** (एजेन्सी) : फिलिपिन्सका पूर्वराष्ट्रपति रोड्रिगो डुटेर्टेलाई त्यहाँको प्रहरीले पक्राउ गरेको छ। अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) ले उनको घातक 'लागुऔषधविरुद्धको युद्ध'मा मानवताविरुद्धको अपराधको आरोपमा वारेन्ट जारी गरेपछि फिलिपिनी प्रहरीले उनलाई पक्राउ गरेको हो।

७९ वर्षीय डुटेर्टेलाई मंगलबार हङकङबाट मनिला विमानस्थल आइपुगेको केही समयपछि प्रहरी हिरासतमा लिइएको थियो।

स्थानीय सञ्चारमाध्यमका अनुसार उनी विमानस्थलमा निजी जेटमा रहेका थिए। यसअघि उनकी छोरीले उनलाई नेदरल्यान्ड्सको हेगमा जबरजस्ती पठाएको बताइएको छ। हेगमा आईसीसी रहेको छ। डुटेर्टेले आफ्नो क्रूर लागुऔषध विरोधी कारबाहीको लागि कुनै माफी मागेका छैनन्। उनी सन् २०१६ देखि २०२२ सम्म राष्ट्रपति हुँदा हजारौं मानिस मारिएका थिए। त्यसअघि उनी दाभाओ सहरका मेयर थिए।



मंगलबार पक्राउ परेपछि उनले वारेन्ट जारी गर्नुको आधार के हो भन्दै प्रश्न गरेका थिए। 'मैले के अपराध गरेको छु र ? ' उनकी छोरी भेरोनिका डुटेर्टेले अनलाइनमा पोस्ट गरेको भिडियोमा उनले यस्तो प्रश्न गरेका छन्।

'यदि मैले पाप गरेको छु भने मलाई फिलिपिन्सको अदालतमा फिलिपिन्सका न्यायाधीशहरूसँग मुद्दा चलाउनुहोस् र म आफ्नै राष्ट्रमा जेल जानेछु ', उनले पछिल्लो भिडियोमा भने। उनको गिरफ्तारीको प्रतिक्रियामा उनको तर्फबाट सर्वोच्च अदालतमा एक निवेदन दर्ता गरिएको थियो।

» बाँकी पृष्ठ ६

